**आकाशवाणी समाचार**

**25th July 2026 (Friday)**

## मुख्य समाचार

- **राष्ट्रपति द्रौपदी मुर्मुको रोमानिया भ्रमण सम्पन्न।।**
- **राज्यसभा सदस्यलाई जनतासँग निरन्तर जोडिन उपराष्ट्रपतिको आग्रह।।**
- **प्रधानमन्त्री मोदीको विकसित भाइब्रेन्ट भिलेज कार्यक्रमका युवासँग भोलि भिडियो संवाद ।।**
- **भारतका शिक्षा मन्त्री धर्मेन्द्र प्रधानद्वारा राजीनामा।।**
- **प्रधानमन्त्री नरेन्द्र मोदीको 'मन की बात' भोलि बिहान ११ बजे प्रसारण हुने।।**

## राष्ट्रपति Droupadi Murmu

भारतकी राष्ट्रपति द्रौपदी मुर्मुले रोमानियाको राजकीय भ्रमण सम्पन्न गरी आज नयाँ दिल्ली प्रस्थान गर्नुभएको छ। भ्रमणका क्रममा उहाँले रोमानियाका राष्ट्रपति निकुसोर डानसँग व्यापार, लगानी, रक्षा, डिजिटल प्रविधि, शिक्षा, नवीकरणीय ऊर्जा र संस्कृतिलगायत विषयमा द्विपक्षीय सहयोग विस्तारबारे छलफल गर्नुभएको थियो। राष्ट्रपति मुर्मुले रोमानियाका प्रधानमन्त्रीसँग पनि भेटवार्ता गर्नुभएको थियो। यो भ्रमण राष्ट्रपति मुर्मुको तीन राष्ट्रको राजकीय भ्रमणको अन्तिम चरण रहेको थियो।

## उपराष्ट्रपति सी.पी. राधाकृष्णन

भारतका उपराष्ट्रपति सी.पी. राधाकृष्णनले संसद्को प्रत्येक क्षण लोकतन्त्रलाई सुदृढ बनाउन उपयोग गर्नुपर्ने बताउनुभएको छ। आज नयाँ दिल्लीमा राज्यसभाका नवनिर्वाचित तथा मनोनित सदस्यहरूका लागि आयोजित दुईदिने अभिमुखीकरण तथा प्रशिक्षण कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले स्वस्थ बहस र छलफलले लोकतन्त्रलाई बलियो बनाउने तथा रचनात्मक सहकार्यले राष्ट्रको विकासमा योगदान गर्ने बताउनुभएको हो।उहाँले संसद्का नियम र परम्पराको सम्मान गर्दै प्रश्नकाल र शून्यकालको प्रभावकारी उपयोग गर्न सदस्यहरूलाई आग्रह गर्नुभयो। साथै, राज्यसभा सदस्यहरू जनतासँग निरन्तर जोडिनुपर्ने र जनताबाट टाढिन नहुनेमा उहाँले जोड दिनुभयो।

## प्रधानमन्त्री नरेन्द्र मोदी

भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि साँझ 4;30 बजे भिडियो सम्मेलनमार्फत विकसित भाइब्रेन्ट भिलेज कार्यक्रम–2026 का सहभागीहरूसँग संवाद गर्नुहुने भएको छ। कार्यक्रममा देशभरका राज्य र केन्द्रशासित प्रदेशका चार सयभन्दा बढी युवाको सहभागिता रहनेछ। गत जुन 4 देखि 30 सम्म लद्दाख, हिमाचल प्रदेश र उत्तराखण्डका 74 सीमावर्ती गाउँमा सञ्चालन गरिएको कार्यक्रममा सहभागी युवाले स्थानीय समुदायसँग बसेर सरसफाइ अभियान, वृक्षारोपण, सरकारी योजनाबारे जनचेतना, सांस्कृतिक आदानप्रदानलगायत गतिविधिमा सहभागिता जनाएका थिए। यस कार्यक्रमको उद्देश्य सीमावर्ती गाउँको विकास, राष्ट्रिय एकता र 'विकसित भारत' निर्माणमा युवाको सहभागिता बढाउनु रहेको छ।

## शिक्षा मन्त्री धर्मेन्द्र प्रधान

भारतका शिक्षा मन्त्री धर्मेन्द्र प्रधानले आज प्रधानमन्त्री नरेन्द्र मोदीसमक्ष आफ्नो राजीनामा बुझाउनुभएको छ। सामाजिक सञ्जालमार्फत उहाँले पछिल्ला 10 दिनदेखि विद्यार्थीहरूले गरेको आन्दोलनका कारण आफू दुःखी भएको बताउँदै देशको हित, विद्यार्थीहरूको भविष्य तथा परिस्थितिको दुरुपयोग हुन नदिन राजीनामा दिएको उल्लेख गर्नुभएको छ। उहाँले नीट–यूजी 2026 परीक्षा प्रकरणपछि सरकारले छानबिनको जिम्मा सीबीआईलाई दिएको, परीक्षा रद्द गरी पुनः सञ्चालन गरिएको जानकारी दिनुभएको छ। साथै, आगामी वर्षदेखि नीट परीक्षा कम्प्युटर आधारित (सीबीटी) प्रणालीबाट सञ्चालन गरिने बताउनुभएको छ। उहाँले केन्द्र, राज्य र जिल्ला प्रशासनको समन्वयमा पुनः परीक्षा सफलतापूर्वक सम्पन्न भएको र जुलाई 16 मा सार्वजनिक नतिजामा आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका धेरै प्रतिभाशाली विद्यार्थी सफल भएको उल्लेख गर्नुभएको छ।

## मन की बात

प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि बिहान ११ बजे आकाशवाणीको 'मन की बात' कार्यक्रममा देश तथा विदेशमा रहेका नागरिकहरूसँग आफ्ना विचार साझा गर्नुहुनेछ। यो मासिक रेडियो कार्यक्रमको 136 औँ संस्करण हो। यो कार्यक्रम सम्पूर्ण आकाशवाणी तथा दूरदर्शन सञ्जाल, एआईआर न्युजको वेबसाइट र न्यूजअनएयर मोबाइल एपमार्फत प्रसारण गरिनेछ। साथै, एआईआर न्युज, डीडी न्युज, प्रधानमन्त्री कार्यालय र सूचना तथा प्रसारण मन्त्रालयका युट्युब च्यानलहरूमा प्रत्यक्ष प्रसारण पनि गरिनेछ। हिन्दी प्रसारण सम्पन्न भएपछि आकाशवाणीले उक्त कार्यक्रम क्षेत्रीय भाषाहरूमा पनि प्रसारण गर्नेछ।

## सारनाथ युनेस्को

उत्तर प्रदेशस्थित प्राचीन बौद्ध तीर्थस्थल सारनाथ युनेस्कोको विश्व सम्पदा सूचीमा सूचीकृत भएको छ। प्रधानमन्त्री नरेन्द्र मोदीले यसलाई प्रत्येक भारतीयका लागि गौरवको क्षण भएको बताउँदै भगवान बुद्धको शान्ति, करुणा र सद्भावको सन्देश आज पनि विश्वका लागि प्रेरणाको स्रोत रहेको उल्लेख गर्नुभएको छ। उहाँले यस मान्यताले भारतको समृद्ध सभ्यता र आध्यात्मिक सम्पदाको सम्मान गरेको बताउनुभएको छ। संस्कृति तथा पर्यटनमन्त्री गजेन्द्र सिंह शेखावतले सारनाथको सूचीकृत हुनु भारतको सांस्कृतिक सम्पदाका लागि ऐतिहासिक उपलब्धि भएको बताउनुभएको छ।

## केन्द्रीय रेलमन्त्री अश्विनी वैष्णव

सरकारले माग पूरा गर्ने सहमति जनाएपछि सीजेपीले आफ्नो आन्दोलन फिर्ता लिएको छ। आज भएको तेस्रो चरणको वार्तापछि केन्द्रीय मन्त्री जे.पी. नड्डाले आन्दोलनमा सहभागीविरुद्ध कुनै कारबाही नगर्ने, दर्ता भएका  एफ आई आर फिर्ता लिने तथा त्यसको प्रतिलिपि उपलब्ध गराइने बताउनुभएको छ। उहाँले आत्महत्या गरेका व्यक्तिका परिवारलाई नियमअनुसार अधिकतम क्षतिपूर्ति उपलब्ध गराइने पनि जानकारी दिनुभएको छ। सीजेपीका प्रमुख प्रवक्ता सौरभ दासले सहमति कार्यान्वयन हुने विश्वास व्यक्त गर्दै आन्दोलन फिर्ता लिएको घोषणा गर्नुभएको छ।

## मुख्यमन्त्री योगी आदित्यनाथ

उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथले प्रश्नपत्र चुहावटमा संलग्न व्यक्तिलाई जेल वा कडा कारबाहीबाट उम्किन नदिइने बताउनुभएको छ। फतेहपुरमा विकास आयोजनाको उद्घाटन तथा शिलान्यास कार्यक्रममा उहाँले प्रश्नपत्र चुहावटको समस्या अघिल्ला सरकारहरूको देन भएको आरोप लगाउनुभयो। उहाँले केन्द्र सरकारले प्रश्नपत्र चुहावटमा दोषी ठहरिने व्यक्तिलाई कम्तीमा १० वर्ष कैद र १० करोड रुपैयाँसम्म जरिवाना हुने कडा कानुन ल्याउन लागेको जानकारी दिनुभयो।

## असममा बाढी

भारतको असममा बाढीको अवस्था अझै गम्भीर बनेको छ। एक लाख 15 हजारभन्दा बढी मानिस राहत शिविरमा बसिरहेका छन्। पछिल्लो विवरणअनुसार बाढीका कारण थप 14 जनाको मृत्यु भएपछि मृतकको संख्या 61 पुगेको छ। सिभसागर, चराइदेओ र जोरहाट जिल्ला सबैभन्दा बढी प्रभावित भएका छन्। प्रमुख नदीहरू अझै खतरा तहभन्दा माथि बगिरहेका छन्। राहत तथा उद्धार कार्य जारी रहेको छ। यसैबीच, राष्ट्रपति द्रौपदी मुर्मुले बाढीमा ज्यान गुमाएकाप्रति दुःख व्यक्त गर्दै शोकसन्तप्त परिवारप्रति समवेदना प्रकट गर्नुभएको छ। उहाँले प्रभावित नागरिकको सुरक्षा र उद्धार तथा राहत कार्यमा खटिएका सबैको सफलताको कामना गर्दै असमका नागरिकसँग देश साथ रहेको बताउनुभएको छ।

## सिक्किममा पहिरो जाँदा दुई जनाको मृत्यु भएको आशङ्का

सिक्किमको नाम्ची जिल्लाको फामटाम गाउँमा आज पहिरो जाँदा दुई जनाको मृत्यु भएको आशङ्का गरिएको छ। नाम्चीका वरिष्ठ प्रहरी उपरीक्षकका अनुसार शव निकाल्ने कार्य जारी छ। घाइते दुई जनालाई उपचारका लागि नाम्ची जिल्ला अस्पतालमा भर्ना गरिएको छ।

## महालेखा परीक्षक

पश्चिम बंगाल सरकारले आज राज्य विधानसभामा लामो समयदेखि पेश हुन बाँकी रहेका महालेखा परीक्षक (क्याग) का 28 वटा प्रतिवेदन पेश गरेको छ। राज्यका अर्थमन्त्री स्वपन दासगुप्ताले प्रतिवेदन पेश गर्दै यसको विस्तृत छलफलका लागि विधानसभाको विशेष अधिवेशन बोलाइने जानकारी दिनुभएको छ। उहाँका अनुसार प्रतिवेदनले राज्यको आर्थिक अवस्था र आठ लाख करोड रुपैयाँभन्दा बढीको वित्तीय घाटाको कारण स्पष्ट पार्नेछ। प्रतिवेदनमा वित्त, पञ्चायती राज, स्वास्थ्य सेवा, शिक्षा, बाल विकास तथा सार्वजनिक उपक्रमलगायत विभिन्न क्षेत्र समेटिएका छन्।

## दिल्ली मेट्रो रेल

दिल्ली मेट्रो रेल निगम (डीएमआरसी) ले राजीव चोक, मण्डी हाउस र सेन्ट्रल सेक्रेटेरियट मेट्रो स्टेशनका प्रवेशद्वार पुनः सञ्चालनमा आएको जनाएको छ।

### मुख्य समाचार फेरि एकपल्ट

- **राष्ट्रपति द्रौपदी मुर्मुको रोमानिया भ्रमण सम्पन्न।।**
- **राज्यसभा सदस्यलाई जनतासँग निरन्तर जोडिन उपराष्ट्रपतिको आग्रह।।**
- **प्रधानमन्त्री मोदीको विकसित भाइब्रेन्ट भिलेज कार्यक्रमका युवासँग भोलि भिडियो संवाद ।।**
- **भारतका शिक्षा मन्त्री धर्मेन्द्र प्रधानद्वारा राजीनामा।।**
- **प्रधानमन्त्री नरेन्द्र मोदीको 'मन की बात' भोलि बिहान ११ बजे प्रसारण हुने।।**